स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी मंसिर ४ गते (२० नोभेम्बर)बाट प्रदर्शनमा आउन लागेको फिल्म "जलाकी"को फर्स्टलुक टिजर सार्वजनिक गरिएको छ। डेढ मिनेटभन्दा लामो टिजरले फिल्मको कथावस्तु संक्षिप्तमा दर्शाउने प्रयास गरेको छ। अभिनेत्री उपासना सिंह ठकुरीलाई केन्द्रमा राखिएको टिजरमा कलेज जीवनको एकतर्फी प्रेमलाई देखाउन खोजिएको छ। संवादरहित टिजरमा उपासनालाई विद्यार्थी र शिक्षिकाको रूपमा देख्न सकिन्छ।

**आजको विचार...**



आन्दोलनको...

*(दुई पेजमा)*

शंकर भण्डारी



भारतीय टेलिभिजन शो "बिग बोस २०"को दोस्रो "विकेन्ड का वार"मा शनिबार अभिनेता सलमान खान सामाजिक सञ्जालमा हुने ट्रोलिङ, बडी-सेमिङ र एज-सेमिङविरुद्ध आक्रोशित भएका छन्। आफूलाई समेत "बूढो भयो" भन्दै ट्रोल गरिएको उल्लेख गर्दै उनले उमेर बढ्नु स्वाभाविक भएको बताए। यस क्रममा सलमानले कार्यक्रमकै बीचमा टोपी, ज्याकेट र टी-सर्ट खोलेर आफ्नो एब्स देखाए । उनको यो टिप्पणी हालै कट्रिना कैफमाथि भएको ट्रोलिङपछि आएको हो।

❑ वर्ष ३२ ❑ अंक ६६ ❑ २०८३ असोज ५ गते सोमबार 21 September 2026, Monday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाल्पामा फोर्स गाडी दुर्घटना, एक जनाको मृत्यु, पाँच घाइते

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असोज ४/जिल्लाको तानसेन नगरपालिका-८ झालेबासमा फोर्स गाडी दुर्घटना हुँदा एक महिलाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन् । सिद्धार्थ राजमार्गअन्तर्गत झालेबासमा आइतबार दिउँसो बुटवलबाट तानसेनतर्फ आउँदै गरेको भे १ ज ९७६ नम्बरको फोर्स गाडी दुर्घटनामा परेको हो ।

दुर्घटनामा परी पूर्वखोला गाउँपालिका-४ की ६३ वर्षीया अनुसरा खाम्चाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएकी खाम्चाको लुम्बिनी मेडिकल कलेज प्रभासमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक भिमलाल भट्टराईले जानकारी दिए । दुर्घटनामा गाडीका चालकसहित पाँच जना घाइते भएका छन् । घाइते हुनेमा पूर्वखोला गाउँपालिका-१ का २९ वर्षीय चालक नरबहादुर राना,



सोही स्थानका ५० वर्षीय कृष्णबहादुर राजमगर, पूर्वखोला गाउँपालिका-४ की २८ वर्षीया मनकुमारी सारु, उनकी ७ वर्षीया छोरी साहिरस सारु र मृतक अनुसरा खाम्चाकी ५ वर्षीया नातिनी सायरा खाम्चा रहेका छन् । दुर्घटनामा घाइते भएका सबै पाँच जनाको लुम्बिनी मेडिकल कलेज प्रभासमा उपचार भइरहेको प्रनाउ भट्टराईले बताए । घाइतेहरूलाई दुर्घटनालगत्तै उद्धार गरी उपचारका लागि अस्पताल पठाइएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार बुटवलबाट तानसेनतर्फ आउँदै गरेको उक्त फोर्स गाडी झालेबास क्षेत्रमा आइपुगेपछि आफैँ अनियन्त्रित भएको थियो । अनियन्त्रित बनेको गाडी सडकबाट करिब २० मिटर तल खसेर दुर्घटनाग्रस्त भएको हो । दुर्घटनाको कारणबारे भने प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ । घटना लगत्तै उद्धार तथा प्रारम्भिक अनुसन्धानका लागि प्रहरी टोली घटनास्थलमा पुगेको थियो । प्रहरी चौकी प्रभासबाट प्रहरी सहायक निरीक्षकको नेतृत्वमा टोली घटनास्थलमा खटिएको थियो भने जिल्ला प्रहरी कार्यालय पाल्पाबाट प्रहरी निरीक्षकको कमान्डमा थप प्रहरी टोली परिचालन गरिएको थियो । सिद्धार्थ राजमार्गको झालेबास क्षेत्रमा भएको यो दुर्घटनाले फेरि एकपटक पहाडी सडकमा यात्रा गर्दाको जोखिम सम्झाएको छ । केही क्षणअघिसम्म गन्तव्यतर्फ अघि बढिरहेको गाडी दुर्घटनामा परेपछि एक परिवारले आफ्नै सदस्य गुमाएको छ भने पाँच जना अस्पतालको शैयामा उपचाररत छन् । गाडी कसरी अनियन्त्रित भयो भन्नेबारे प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ । अनुसन्धानपछि दुर्घटनाको वास्तविक कारण खुल्ने प्रहरीले जनाएको छ ।

## संक्षिप्त समाचार

### ड्रोन आक्रमणमा दुई जनाको मृत्यु

**एजेन्सी**

**रुस,** असोज ४/रुसको मस्को क्षेत्रमा युक्रेनले गरेको भनिएको 'ठूलो' ड्रोन आक्रमणमा दुई जनाको मृत्यु भएको छ भने छ जना घाइते भएका छन् । मस्को क्षेत्रका गभर्नर आन्द्रे भोरोब्योभका अनुसार आक्रमणमा आवासीय भवन र एउटा तेल प्रशोधन केन्द्रमा क्षति पुगेको छ । मस्कोका मेयर सर्गेई सोब्यानिनले राजधानीतर्फ आएका ४५० वटा ड्रोन खसालिएको दाबी गर्दै ड्रोनका कारण केही घरमा आगलागी भएको तथा तेल प्रशोधन केन्द्रको एउटा संरचनामा क्षति पुगेको बताएकाछन् । भोरोब्योभका अनुसार सोफिनोमा ड्रोनले तीनतले आवासीय भवनमा प्रहार गर्दा ४४ वर्षीया एक महिलाको मृत्यु भयो । घटनामा दुई बालबालिकासहित पाँच जना घाइते भएका छन् । त्यस्तै, ओरेखोभो-जुयेभो जिल्लामा एउटा निजी घरमा ड्रोन प्रहार हुँदा एक वृद्धको मृत्यु भएको छ । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले मस्को क्षेत्रमा रहेको 'महत्वपूर्ण' रुसी तेल संरचना र एउटा लजिस्टिक केन्द्रलाई युक्रेनी सेनाले निशाना बनाएको पुष्टि गरेका छन् । उनका अनुसार ती संरचनाबाट रुसी युद्ध प्रयासलाई अर्बौं डलरको आर्थिक सहयोग पुग्दै आएको थियो ।

# भोटेकोशी बाढी : मृतकको संख्या एक हजार ४ सय ५१ पुग्यो

**पाल्पा,** असोज ४/ रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण आइतबार साँझ ५ बजेसम्म मृत्यु हुनेको संख्या १ हजार ४ सय ५१ पुगेको छ ।

केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार फेला परेका शवमध्ये रसुवामा २ सय ३६, नुवाकोटमा २ सय ३, धादिङमा ७२, चितवनमा ३ सय ६७, गोरखामा ७९, तनहुँमा ३८, नवलपरासी पूर्वमा २ सय ३२ र नवलपरासी पश्चिममा २ सय २२ जना रहेका छन् । यस्तै, काठमाडौंमा उपचारका क्रममा थप २ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । फेला परेका शवको पहिचानका लागि डीएनए नमुना संकलन तथा आवश्यक प्रक्रिया पूरा गरी हालसम्म १ हजार २ सय ९२ शव सुरक्षित रूपमा व्यवस्थापन गरिएको छ । शव पहिचानका लागि मृतकका १ हजार २ सय ८६ र आफन्तका १ हजार ९ सय ९७ गरी कुल ३ हजार २ सय ८३ वटा डीएनए नमुना संकलन गरिएको छ । पहिचान हुन बाँकी १ हजार ३ सय ६२ शवको विवरण नेपाल प्रहरीको वेबसाइटमा समेत सार्वजनिक गरिएको छ । बाढी प्रभावित क्षेत्रमा उद्धार, खोजी, राहत वितरण तथा शव व्यवस्थापनलगायतका कामका लागि हालसम्म ७ हजार ९ सय ७५ जना प्रहरी कर्मचारी परिचालन गरिएको छ । प्रहरीका अनुसार अझै ४ हजार ६ सय ५५ जना बेपत्ता छन् । उनीहरूको खोजी कार्य जारी रहेको छ । साथै, विभिन्न जिल्लामा रहेका होल्डिङ सेन्टरमा १ हजार ३ सय ७२ जना व्यक्तिलाई राखिएको छ । बेपत्ताको खोजी, शव पहिचान तथा व्यवस्थापन र प्रभावित नागरिकको उद्धार तथा राहत कार्यलाई निरन्तरता दिइएको प्रहरीले जनाएको छ ।

# घडियाल गोहीको प्राकृतिक वासस्थान जोखिममा

**बाँके,** असोज ४/स्थानीय राप्ती नदीमा छाडिएको दुर्लभ प्रजातिका घडियाल गोहीको संरक्षण तथा प्राकृतिक बासस्थान जोखिममा परेको छ । बाँके राष्ट्रिय निकुञ्जले तीन वर्षदेखि मध्यवर्ती क्षेत्रअन्तर्गत पर्ने उक्त नदीमा दुर्लभ प्रजातिका घडियाल गोही छाड्दै आएको छ । निकुञ्जले नदीमा छाडेका ती गोही अहिले निकै कम देखिएको स्थानीयको भनाइ छ ।

गोही संरक्षणमा लागेकी राप्ती सोनारी-१ की स्थानीय शारदा खुनाले अहिलेसम्म राप्तीमा २५ वटा गोही छाडिएको भए पनि संख्या बढ्दै जानुको सट्टा घट्दै गएकोमा चिन्ता व्यक्त गरिन् । गत वर्ष अनुगमनमा १२ वटा गोही देखिएको उल्लेख गर्दै यस वर्ष भने गणना गर्न बाँकी रहेको जानकारी दिइन् । नदी वरिपरि मान्छेको आवतजावत र आहारा प्रजाति नहुनुजस्ता कारणले राप्तीमा घडियालको वासस्थान सङ्कटमा परेको खुनाको भनाइ छ । प्राकृतिक वासस्थानका रुपमा रहेको त्यस नदीमा घडियाल गोहीको वासस्थान जोखिममा परेकाले गोहीको सुरक्षा हुन नसकेको बाँके राष्ट्रिय निकुञ्जले जनाएको छ । राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र




व्यवस्थापन समितिका अध्यक्ष गेहेन्द्र कुमार खड्काले राप्तीमा घडियाल गोहीको वासस्थान जोखिममा रहेको बताउँछन् । नदीमा आश्रित समुदायका लागि आयआर्जनको विकल्प नखोजेसम्म राप्तीमा घडियाल संरक्षण गर्न चुनौती रहेको उनको भनाइ छ ।

अध्यक्ष खड्काका अनुसार राप्तीमा आश्रित समुदायका कारणले गर्दा पनि यहाँ घडियाल गोही असुरक्षित भएका हुन् । अहिले पनि ठुलो समुदाय नदीमा आश्रित रहेको छ र सो समुदायले माछा मार्ने र सुन चालेर जीविकोपार्जन गर्ने भएकाले नदीमा आश्रित रहेका समुदायलाई विकल्प दिनुपर्ने उनले उल्लेख गरे । पर्यटकीय गतिविधिसँग जोडेर नदीमा आश्रित समुदायलाई जीविकोपार्जनसम्बन्धी काम दिन सकिनेमा जोड दिँदै खड्काले राप्तीमा घडियाल गोहीको संरक्षण हुन नसकेको बताए । निकुञ्जका कार्यालय प्रमुख एवं वरिष्ठ संरक्षण अधिकृत वीरेन्द्र कँडेलले पछिल्लो समयमा सिमसार क्षेत्र अतिक्रमणको चपेटामा परेको अवस्थामा गोही संरक्षणमा चुनौती देखिएको बताए । उनले नदीमा गोहीको आहारा माछाको पनि कमी भएको उल्लेख गर्दै मानवको आवतजावतले पनि गोही संरक्षणमा अवरोध खडा गरेको बताए । गोही विज्ञका अनुसार घडियाल विशेषगरी नेपाल र भारतमा मात्रै पाइन्छ । केही वर्ष अगाडि पाकिस्तान, भुटान र बङ्गलादेशमा घडियाल फेला परेको जनाइएको छ । घडियाललाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले पनि संरक्षित वन्यजन्तुको सूचीमा सूचीकृत गरेको छ । गोहीलाई कसैले मारेको खण्डमा सजाय हुने व्यवस्था गरिएको छ । कसैले शिकार गरेमा वा मारेको ठहर भएमा रु एक लाखदेखि रु पाँच लाखसम्म जरिवाना वा एक वर्षदेखि १० वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ । गोहीविज्ञका अनुसार 'मगर' प्रजातिको गोहीभन्दा 'घडियाल' शान्त स्वभावको मानिन्छ । घडियाल मान्छेलाई आक्रमण गर्दैन् । घडियालको प्रमुख आहारा माछा हो । सफा पानीमा मात्र बस्न रुचाउने घडियाल गोहीका लागि राप्ती नदी उपयुक्त वासस्थान भए पनि नदी आसपास मानव बस्तीले संरक्षणमा चुनौती खडा गरेको छ । माछा मार्ने व्यवसाय गर्दै आएका खुना, कुमाल, बादीलगायतका समुदायको राप्ती नदी आसपासमा बाक्लो बसोबास रहेकाले घडियाल गोहीको प्राकृतिक वासस्थान जोगाउन पनि चुनौतीपूर्ण रहेको स्थानीयकै भनाइ छ । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## विश्व शान्ति दिवस र बढ्दो हिंसा

**विश्व शान्ति दिवस आज विभिन्न कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्ष सेप्टेम्बर २१ तारिखलाई विश्व शान्ति दिवसका रूपमा मनाइन्छ । सन् १९८१ मा संयुक्त राष्ट्र संघको महासभाले आह्वान गरेअनुरूप सन् १९८२ देखि यो दिवस मनाउन सुरु गरिएको हो । सन् २००१ सम्म सेप्टेम्बरको तेस्रो मंगलबार मनाइँदै आइएको यो दिवस २००२ देखि सेप्टेम्बर २१ मा मनाउन थालिएको पाइन्छ । नेपालमा यो दिवस २०६५ देखि मनाउन सुरु गरिएको हो । युद्ध, हिंसा, द्वन्द्व र घृणाबाट मुक्त भएर मानव सभ्यतालाई शान्ति, सहअस्तित्व र आपसी सद्भावको बाटोमा अघि बढाउने उद्देश्यले यो दिवस मनाउने गरिन्छ । शान्ति केवल युद्ध नहुनु मात्र होइन, समानता, न्याय, मानव अधिकार, सहिष्णुता र सुरक्षित जीवनको सुनिश्चितता पनि शान्तिका आधार हुन् ।**

**आज विश्वका विभिन्न भागमा युद्ध, राजनीतिक द्वन्द्व, धार्मिक तथा जातीय तनाव, विस्थापन र हिंसाका घटना भइरहेका छन् । यसको सबैभन्दा ठूलो असर निर्दोष नागरिक, बालबालिका, महिला तथा ज्येष्ठ नागरिकमाथि पर्ने गरेको छ । आधुनिक विज्ञान र प्रविधिले संसारलाई नजिक ल्याए पनि मानवीय असहिष्णुता र स्वार्थले समाजमा विभाजन बढाइरहेको देखिन्छ । यस्तो अवस्थामा विश्व शान्ति दिवसको सन्देश अझ सान्दर्भिक बनेको छ । शान्ति स्थापना सरकार वा अन्तर्राष्ट्रिय संस्थाको मात्र जिम्मेवारी होइन । परिवारदेखि समाजसम्म प्रत्येक व्यक्तिले आफ्नो व्यवहारमा शान्ति र सहिष्णुतालाई अपनाउन आवश्यक छ । फरक विचार, धर्म, भाषा, संस्कृति र पहिचान भएका मानिसलाई सम्मान गर्ने संस्कार विकास गर्न सके द्वन्द्वका धेरै कारणलाई कम गर्न सकिन्छ । संवाद, सहकार्य र समझदारी नै विवाद समाधानका दिगो माध्यम हुन् । नेपालजस्तो विविधतापूर्ण देशका लागि पनि शान्ति र सामाजिक सद्भाव अत्यन्त महत्वपूर्ण छन् । हाम्रो समाजमा रहेका विविधतालाई विभाजनको कारण होइन, साझा शक्ति र पहिचानका रूपमा स्वीकार गर्नुपर्छ । असहमतिको सम्मान गर्दै संवादबाट समस्याको समाधान खोज्ने संस्कार विकास गर्नु आजको आवश्यकता हो । विश्व शान्ति दिवस केवल एउटा दिवस मनाउने औपचारिक अवसरमा सीमित हुनु हुँदैन । यसले हामीलाई हिंसाभन्दा संवाद, घृणाभन्दा प्रेम र विभाजनभन्दा सहकार्य रोज्न प्रेरित गर्नुपर्छ । शान्त विश्व निर्माणको सुरुवात अरूबाट होइन, आफ्नै सोच र व्यवहारबाट हुन्छ । त्यसैले आजको दिनमा हामी सबैले आफू, आफ्नो समाज र समग्र मानवजातिका लागि शान्ति, सहिष्णुता र सद्भाव कायम गर्ने प्रतिबद्धता जनाऔँ ।शान्ति नै मानव सभ्यताको साझा आवश्यकता हो, यसको संरक्षण र प्रवर्द्धन हाम्रो साझा जिम्मेवारी हो ।**

### Opinion @ Social Network

"जीवनमा भेटिने हरेक सम्बन्ध वसन्त जस्तो हुँदैन,
कोही पतझड बनेर आउँछन् अनि धेरै कुरा त्यागन सिकाएर जान्छन् !!"
*(रमेश शर्माको फेसबुक स्टाटसबाट www.facebook.com/Ramesh.Sharma)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आन्दोलनको युगबाट विकासको युगतर्फ



**शंकर भण्डारी**

नेपालको आधुनिक राजनीतिक इतिहासलाई फर्केर हेर्दा आन्दोलन, संघर्ष, परिवर्तन र संविधान निर्माण एकअर्कासँग गहिरो रूपमा जोडिएका विषयका रूपमा देखिन्छन् । २००७ सालको राजनीतिक परिवर्तनदेखि आजसम्म आइपुग्दा नेपाली समाजले अनेकौं राजनीतिक उतारचढाव पार गरेको छ । २००७ सालको अन्तरिम शासन विधानदेखि २०१५ सालको संविधान, २०१९ सालको संविधान, २०४७ सालको संविधान, २०६३ सालको अन्तरिम संविधान हुँदै २०७२ सालमा नेपालको वर्तमान संविधान जारी भयोद । यी संवैधानिक परिवर्तनहरू केवल कानूनी दस्तावेज परिवर्तनका घटना मात्र थिएनन्ह तिनका पछाडि राजनीतिक संघर्ष, जनआन्दोलन, नागरिकका आकांक्षा, त्याग र बलिदानको लामो इतिहास जोडिएको छ । नेपाल कानून आयोगको अभिलेखमा पनि नेपालका विभिन्न संवैधानिक दस्तावेजहरू सुरक्षित छन् । २००७ सालको परिवर्तनले राणाशासनको अन्त्य गर्दै नयाँ राजनीतिक युगको सुरुआत गर्‍यो । त्यसपछि मुलुकले विभिन्न राजनीतिक प्रयोग र शासन व्यवस्थाको अनुभव गर्‍यो । २०१५ सालमा संविधान जारी भयो र त्यसैअनुसार आमनिर्वाचन भयो । २०१७ सालपछि राजनीतिक व्यवस्था परिवर्तन भयो र २०१९ सालमा नयाँ संविधान जारी भयो । त्यसपछि २०३६ सालमा जनमतसंग्रह भयो । २०४६ सालको जनआन्दोलनले बहुदलीय लोकतान्त्रिक व्यवस्थाको पुनर्स्थापना गर्‍यो र २०४७ सालमा नयाँ संविधान जारी भयो । त्यसपछिका वर्षमा पनि राजनीतिक असन्तुष्टि, सामाजिक विभेद, आर्थिक पछौटेपन तथा राज्य संरचनासम्बन्धी प्रश्नहरू समाधान नभएको भन्दै देश अर्को ठूलो राजनीतिक संघर्षतर्फ अघि बढ्यो । २०५२ सालदेखि सुरु भएको माओवादी जनयुद्धले नेपाली समाज र राज्य व्यवस्थामा गहिरो प्रभाव पार्‍यो । त्यसपछिको २०६२/६३ को जनआन्दोलन, विस्तृत शान्ति प्रक्रिया, राजतन्त्रको अन्त्य, गणतन्त्रको स्थापना र राज्य पुनर्संरचनाको प्रक्रियाले नेपाललाई अर्को ऐतिहासिक मोडमा पुर्‍यायो । २०६३ सालको अन्तरिम संविधानले त्यस समयसम्म भएका संघर्ष र जनआन्दोलनका उपलब्धिलाई संस्थागत गर्दै नयाँ संविधान निर्माणको बाटो तय गरेको थियो । अन्ततः २०७२ साल असोज ३ गते नेपालको वर्तमान संविधान जारी भयो । यस संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र, मौलिक हक, सामाजिक न्याय, समावेशिता तथा विभिन्न नागरिक अधिकारलाई संवैधानिक संरचनाभित्र स्थापित गरेको छ । यसरी हेर्दा नेपालले संविधान र राजनीतिक व्यवस्थाको खोजीमा लामो समय र ठूलो राष्ट्रिय ऊर्जा खर्च गरेको स्पष्ट हुन्छ । तर आज, यति लामो राजनीतिक यात्रापछि हामीले एउटा गम्भीर प्रश्न गर्नुपर्ने समय आएको छ– हामीले संविधान किन बनायौं ? संविधान परिवर्तन गर्नु नै हाम्रो अन्तिम उद्देश्य थियो कि संविधानमार्फत जनताको जीवन परिवर्तन गर्नु हाम्रो वास्तविक लक्ष्य थियो ? यदि संविधान नागरिकको जीवनलाई सुरक्षित, सम्मानित र समृद्ध बनाउनका लागि हो भने अब संविधानका अक्षरभन्दा त्यसको व्यवहारिक परिणामलाई केन्द्रमा राखेर बहस गर्नुपर्ने हुन्छ । संविधान आफैंमा अन्तिम उपलब्धि होइनह संविधानले सुनिश्चित गरेका अधिकार नागरिकले आफ्नो दैनिक जीवनमा अनुभूति गर्न सके कि सकेनन् भन्ने प्रश्न अझ महत्वपूर्ण हुन्छ । नेपालको वर्तमान संविधानले नागरिकका धेरै महत्वपूर्ण मौलिक हक सुनिश्चित गरेको छ । विचार र अभिव्यक्तिको स्वतन्त्रता, समानताको हक, शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक न्यायलगायतका विषय संवैधानिक व्यवस्थामा समेटिएका छन् । तर संविधानमा अधिकार लेखिनु र नागरिकले ती अधिकार व्यवहारमा पाउनु एउटै कुरा होइन । यही ठाउँमा आज हाम्रो राज्य व्यवस्था र शासन प्रणालीको वास्तविक परीक्षा भइरहेको छ । संविधानको मर्म नागरिकको जीवनमा देखिनुपर्छह नागरिकले आफ्नो अधिकारका लागि प्रत्येक पटक आन्दोलन वा दबाबको सहारा लिनुपर्ने अवस्था अन्त्य हुँदै जानुपर्छ । स्वास्थ्यको क्षेत्रमा संविधानले आधारभूत स्वास्थ्य सेवामा पहुँचलाई मौलिक हकका रूपमा स्वीकार गरेको भए पनि व्यवहारमा अझै धेरै चुनौती छन् । देशका दुर्गम तथा ग्रामीण क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध नहुनु, आवश्यक जनशक्ति र पूर्वाधारको कमी हुनु, उपचारका लागि टाढा जानुपर्ने अवस्था आउनु तथा उपचार खर्चका कारण परिवार आर्थिक बोझमा पर्नुजस्ता समस्या पूर्ण रूपमा अन्त्य भएका छैनन् । कुनै नागरिकले समयमा उपचार पाउन नसकेर दुःख भोग्नुपर्छ भने संविधानमा लेखिएको स्वास्थ्यको अधिकारले मात्र आफ्नो उद्देश्य पूरा गरेको मान्न सकिँदैन । अधिकारको वास्तविक अर्थ नागरिकले सेवा पाउनु हो । शिक्षा नागरिकको अधिकारका रूपमा संविधानमा स्थापित हुनु महत्वपूर्ण उपलब्धि हो, तर सबै बालबालिकाले समान अवसर र गुणस्तरको शिक्षा पाएका छन् कि छैनन् भन्ने प्रश्न अझै बाँकी छ । शहर र गाउँ, निजी र सार्वजनिक विद्यालय तथा सम्पन्न र विपन्न परिवारबीचको शैक्षिक अवसरको अन्तर कम गर्नु राज्यको महत्वपूर्ण जिम्मेवारी हो । संविधानले अधिकार दिएको छ भने त्यो अधिकारलाई व्यवहारमा पुर्‍याउने दायित्व पनि राज्यकै हो । शिक्षित, दक्ष र उत्पादनशील नागरिक तयार गर्न नसक्ने हो भने संविधानका सुन्दर शब्दहरूले मात्र देशको भविष्य निर्माण गर्न सक्दैनन् । मौलिक अधिकारको विषयमा पनि संविधान र व्यवहारबीचको दूरीबारे निरन्तर बहस आवश्यक छ । नागरिकले आफ्नो विचार राख्न पाउने, प्रश्न गर्न पाउने, राज्यका कामको आलोचना गर्न पाउने र सार्वजनिक विषयमा आृनो धारणा व्यक्त गर्न पाउने वातावरण लोकतन्त्रको आधार हो । त्यससँगै कानूनको पालना र अरू नागरिकका अधिकारको सम्मान पनि उत्तिकै आवश्यक हुन्छ । लोकतन्त्र भनेको अधिकार र जिम्मेवारी दुवैको सन्तुलित अभ्यास हो । त्यसैले संविधानले प्रत्याभूत गरेका स्वतन्त्रता र अधिकारलाई व्यवहारमा सुरक्षित राख्दै कानूनको शासनलाई बलियो बनाउनु आवश्यक छ । यस सन्दर्भमा हामीले संविधानलाई दोष दिनेभन्दा संविधान कार्यान्वयन गर्ने राज्य संयन्त्र, राजनीतिक नेतृत्व, प्रशासन र नागरिक समाज सबैको भूमिकामाथि गम्भीर बहस गर्नुपर्ने हुन्छ । संविधान राम्रो वा नराम्रो भन्ने बहस मात्र गरेर जनताको जीवन परिवर्तन हुँदैन । संविधानले व्यवस्था गरेका संस्थाहरू प्रभावकारी भए कि भएनन्, कानून निष्पक्ष रूपमा कार्यान्वयन भयो कि भएन, सार्वजनिक सेवा नागरिकमैत्री भयो कि भएन र राज्यका स्रोतहरू जनताको हितमा प्रयोग भए कि भएनन्–यी प्रश्नको जवाफ खोज्नु आजको प्राथमिकता हुनुपर्छ । विश्वका सबै देश एउटै प्रकारको संवैधानिक संरचनाबाट चलेका छैनन् । उदाहरणका लागि बेलायतमा एउटै दस्तावेजमा संहिताबद्ध संविधान छैनह त्यहाँ संविधानसम्बन्धी व्यवस्था विभिन्न कानून, न्यायिक निर्णय, संवैधानिक परम्परा र अभ्यासमा आधारित छ । न्युजिल्यान्ड र इजरायल पनि पूर्ण रूपमा एउटै दस्तावेजमा संहिताबद्ध संविधान नभएका मुलुकका उदाहरण हुन् । यसको अर्थ ती देशमा शासन गर्ने नियम वा नागरिकका अधिकार छैनन् भन्ने होइनह यसले संविधानको स्वरूप देशअनुसार फरक हुन सक्छ भन्ने देखाउँछ । यसबाट नेपालले संविधान आवश्यक छैन भन्ने निष्कर्ष निकाल्नु हुँदैन । नेपालजस्तो विविधतापूर्ण समाज र लामो राजनीतिक संघर्षबाट आएको मुलुकमा संविधान राज्य सञ्चालनको मूल कानूनी आधार हो । संविधान समयअनुकूल सुधार गर्न सकिन्छ, तर प्रत्येक समस्याको समाधान संविधान संशोधनमै खोज्ने प्रवृत्तिले देशलाई फेरि निरन्तर राजनीतिक बहस र अस्थिरताको चक्रमा लैजान सक्छ । नेपालले विगतमा राजनीतिक परिवर्तनका लागि ठूलो मूल्य चुकाएको छ । लोकतन्त्र, अधिकार र राजनीतिक परिवर्तनका लागि धेरै नागरिकले संघर्ष गरेका छन् । धेरै परिवारले आृना प्रियजन गुमाएका छन् । ती बलिदानको सम्मान केवल दिवस मनाएर, भाषण गरेर वा स्मरण गरेर मात्र पूरा हुँदैन । देशमा पर्याप्त रोजगारी कसरी सिर्जना गर्ने, युवालाई विदेश जानुपर्ने बाध्यता कसरी घटाउने, कृषि र उद्योगलाई उत्पादनमुखी कसरी बनाउने, शिक्षा र स्वास्थ्यलाई गुणस्तरीय कसरी बनाउने, पूर्वाधार निर्माणलाई दिगो कसरी बनाउने र भ्रष्टाचार तथा अनियमितता नियन्त्रण गर्दै सार्वजनिक प्रशासनलाई परिणाममुखी कसरी बनाउने भन्ने प्रश्न राष्ट्रिय बहसको केन्द्रमा आउनुपर्छ । जनताले राज्यसँग केवल नयाँ राजनीतिक नारा वा नयाँ बहस मागिरहेका छैनन् । लोकतन्त्रको शक्ति केवल निर्वाचनमा होइन, निर्वाचनपछि नागरिकको जीवनमा आउने सकारात्मक परिणाममा पनि देखिनुपर्छ । संविधानको स्थायित्वको अर्थ संविधानलाई कहिल्यै परिवर्तन गर्न नहुने भन्ने होइन । समय, समाज र आवश्यकताअनुसार संशोधनको आवश्यकता पर्न सक्छ । तर संशोधनको बहस तत्कालीन राजनीतिक स्वार्थभन्दा माथि उठेर दीर्घकालीन राष्ट्रिय हित, नागरिक अधिकार, संस्थागत स्थायित्व र सुशासनका आधारमा हुनुपर्छ । संविधानलाई कमजोर बनाउने होइन, संविधानको शासनलाई बलियो बनाउने उद्देश्यले आवश्यक सुधार गरिनुपर्छ । हामीले विगतमा संविधान निर्माण र राजनीतिक परिवर्तनका लागि धेरै वर्ष खर्च गरेका छौं । अब त्यही ऊर्जा राष्ट्र निर्माणमा लगाउने समय हो । इतिहासलाई बिर्सनु हुँदैन, तर इतिहासमै अड्किएर भविष्य निर्माण गर्न पनि सकिँदैन । विगतका आन्दोलनले हामीलाई राजनीतिक अधिकारको बाटो देखाएह अब विकासले नागरिकलाई आर्थिक र सामाजिक सम्मानको बाटो देखाउनुपर्छ। आन्दोलनले परिवर्तनको ढोका खोल्यो भने विकासले त्यही ढोकाबाट देशलाई समृद्धितर्फ अघि बढाउनुपर्छ । अन्ततः संविधानको सफलता त्यसका पानाको संख्या, त्यसमा लेखिएका अधिकारको सूची वा त्यसलाई कति पटक संशोधन गरियो भन्ने कुराले मात्र मापन हुँदैन । संविधानको वास्तविक सफलता नागरिकले आफ्नो जीवनमा न्याय, स्वतन्त्रता, सुरक्षा, शिक्षा, स्वास्थ्य, रोजगारी र सम्मान कति अनुभूति गरे भन्ने कुराले मापन हुन्छ । संविधान जनताको जीवनसँग जोडिएन भने त्यो कागजमा सीमित हुन सक्छ तर संविधानको भावना कानूनको शासन, सुशासन र जनकल्याणमार्फत व्यवहारमा उतार्न सकियो भने त्यही संविधान राष्ट्र निर्माणको बलियो आधार बन्न सक्छ । हामीले विगतमा परिवर्तनका लागि रगत दियौँह अब त्यही इतिहासलाई सम्मान गर्दै समृद्धिका लागि श्रम, इमानदारी, नीति र संकल्प दिने समय आएको छ । शहीदहरूको बलिदानको सच्चा सम्मान त्यतिबेला हुनेछ, जब नेपालको संविधान जनताको जीवनमा अनुभूत हुनेछ र नेपाल समृद्ध, न्यायपूर्ण, आत्मनिर्भर र अवसरयुक्त राष्ट्रका रूपमा अघि बढ्नेछ । अबको हाम्रो यात्रा आन्दोलनबाट होइन, निर्माणबाटह विवादबाट होइन, परिणामबाटह र राजनीतिक परिवर्तनबाट सामाजिक-आर्थिक रूपान्तरणतर्फ हुनुपर्छ ।-

***राजनीतिक शास्त्रमा विद्यावारिधि अध्ययनरत लेखक भण्डारी हाल अमेरिकामा बसोबास गर्दै आएका छन् ।***

***-इहिमालयन डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : मेहनतले सफलता मिल्नेछ। व्यापार व्यवसायमा मनग्य लाभ मिल्नेछ।
**वृष** : समाजमा मान सम्मान बढ्नेछ। प्रेम सम्बन्धमा विचारहरूको टकराव हुन सक्छ।
**मिथुन** : ऊर्जावान महसुस गर्नुहुनेछ। अधिकारी वर्गहरूबाट सहयोग पाइएला।
**कर्कट** : आर्थिक वा व्यावसायिक क्षेत्रमा सुधार हुनेछ। सेवा गर्ने भाव जागृत हुनेछ।
**सिंह** : धार्मिक र आध्यात्मिक क्षेत्रमा प्रगति हुनेछ। कानुन विपरीत कार्य नगर्नुहोला।
**कन्या** : आफ्नो सामानको जिम्मेवारी स्वयं राख्नुहोला। व्यवसायमा सफलता मिल्नेछ।
**तुला**: व्यवसायमा सन्तानबाट सहयोग मिल्नेछ। आर्थिक पक्ष राम्रो रहनेछ।
**वृश्चिक** : कार्यक्षेत्रमा सहयोग मिल्नेछ। राजनीतिक क्षेत्रमा प्रभाव बढ्नेछ।
**धनु** : नयाँ कार्यतर्फ अग्रसर हुन सक्नुहुनेछ। पायक स्थानमा यात्राका योग छन्।
**मकर** : मनोरञ्जनात्मक समय बित्नेछ। घरको साज सजावटमा धन खर्च होला।
**कुम्भ**: कार्यको प्रशंसा हुनेछ। दाम्पत्य जीवनमा प्रेम सम्बन्ध सुमधुर रहनेछ।
**मीन** : विद्यार्थीहरूको तर्कशक्तिमा वृद्धि हुनेछ। कानुनी मामिलाहरू सुल्झिनेछन्।

# शिक्षा

## विद्यार्थी अभावबीच गुज्रिँदै इञ्जिनियरिङ कलेजहरू




विद्यार्थीको बढ्दो विदेश पलायनका कारण पछिल्लो समय नेपालका कलेजहरूमा विद्यार्थी अभाव हुन थालेको छ । अन्य विधाका तुलनामा निकै आकर्षक मानिने इञ्जिनियरिङमा समेत विद्यार्थी अभाव हुन थालेको छ । तथापि कलेज थपिने क्रम भने रोकिएको छैन । इञ्जिनियरिङतर्फ नेपालमा हाल त्रिभुवन विश्वविद्यालय(टियू) अन्तर्गत इञ्जिनियरिङ अध्ययन संस्थान (आइओई) का पाँच आंगिक क्याम्पस र १० सम्बन्धनप्राप्त इञ्जिनियरिङ कलेज सञ्चालनमा रहेका छन् भने पूर्वाञ्चल, पोखरा, मध्यपश्चिम, काठमाडौं, सुदूरपश्चिम र मनमोहन प्राविधिक विश्वविद्यालयअन्तर्गत पनि धेरै कलेज सञ्चालनमा रहेका छन् । टियूअन्तर्गतका प्राइभेट १० इञ्जिनियरिङ कलेजहरूमा एड्भान्स कलेज अफ इञ्जिनियरिङ एण्ड मेनेजमेन्ट, हिमालय कलेज अफ इञ्जिनियरिङ, जनकपुर इञ्जिनियरिङ कलेज, कान्तिपुर इञ्जिनियरिङ कलेज, क्याथफोर्ड इन्टरनेसनल कलेज अफ इञ्जिनियरिङ म्यानेजमेन्ट रहेका छन् । त्यस्तै काठमाडौं इञ्जिनियरिङ कलेज, ख्वप कलेज अफ इञ्जिनियरिङ, ललितपुर इञ्जिनियरिङ कलेज, नेसनल कलेज अफ इञ्जिनियरिङ, सगरमाथा इञ्जिनियरिङ कलेज रहेका छन् । त्यसैगरी टियूअन्तर्गतका पाँच आंगिक इञ्जिनियरिङ क्याम्पसमा चितवन इञ्जिनियरिङ क्याम्पस, पश्चिमाञ्चल क्याम्पस, पुल्चोक क्याम्पस, पूर्वाञ्चल क्याम्पस र थापाथली क्याम्पस रहेका छन् । उल्लेखित क्याम्पस तथा कलेजहरूमा इञ्जिनियरिङका विभिन्न विधा सिभिल इञ्जिनियरिङदेखि कम्प्युटर, इलेक्ट्रोनिक, कम्युनिकेसन एण्ड इन्फरमेसन, इलेक्ट्रिकल इञ्जिनियरिङ, बिसिए, आर्किटेक्चर, बिएससी सिएसआइटीलगायतका विषय पढाइ हुँदै आएको छ । आंगिक क्याम्पसहरूको तुलनामा सम्बन्धनप्राप्त प्राइभेट कलेजहरूले गुणस्तरीय शिक्षा प्रदान गर्दै आएका भए पनि शुल्क र छात्रवृत्तिलगायतका कारण प्राइभेट कलेजभन्दा आंगिक क्याम्पसहरूमा विद्यार्थीको बढी आकर्षण रहने गरेको छ । जसका कारण प्राइभेट कलेजबीच अस्वस्थ प्रतिस्पर्धा बढ्दै गएको कलेज सञ्चालकहरू बताउँछन् । अधिकांशले प्राइभेट कलेजबीच अस्वस्थ प्रतिस्पर्धा बढ्दै गएको स्वीकारेका छन् । भर्नाका बेला कलेजहरूबीच विद्यार्थी तानातान र शुल्कमा समेत बार्गेनिङ चल्ने गरेको ललितपुर इञ्जिनियरिङ कलेजका प्रिन्सिपल प्राडा. सुरेन्द्र बहादुर ताम्राकार बताउनुहुन्छ । उहाँका अनुसार ललितपुर इञ्जिनियरिङ कलेजले भने शुल्क सार्वजनिक नै गरेकाले सोही आधारमा विद्यार्थीले भर्ना हुने वा नहुने निर्णय गर्न सक्ने अवस्था रहेको छ । ख्वप कलेज अफ इञ्जिनियरिङका प्रिन्सिपल सुनिल दुवाल भने आफ्नो कलेजमा भने विद्यार्थी भर्नाकै लागि प्रतिस्पर्धा गर्नुपर्ने अवस्था नरहेको बताउनुहुन्छ । दुवालका अनुसार ख्वप इञ्जिनियरिङ कलेज स्थानीय सरकारले सञ्चालन गरेको नेपालकै पहिलो इञ्जिनियरिङ कलेज पनि हो । त्यसैले कलेजको शुल्क निजीजस्तो महँगो पनि छैन र आंगिक क्याम्पसजस्तो धेरै सस्तो पनि छैन, मध्यमस्तरको शुल्क रहेको छ । कलेज भवनलगायत आवश्यक सबै भौतिक संरचना नगरपालिकाले व्यवस्थापन गरिदिएका कारण कलेज सञ्चालन सहज भएको उनी बताउछन् । अधिकांश प्राइभेट कलेजको भर्ना शुल्क पारदर्शी छैन, जसका कारण कलेजहरूले अधिकतम शुल्क लिन खोज्ने र विद्यार्थी तथा अभिभावकले घटाउन खोज्ने क्रम चल्ने गरेको पाइएको छ । कतिपय कलेजले आठदेखि १२ लाख रुपैयाँ शुल्क असुल्ने गरेको विद्यार्थीहरूले बताएका छन् । सोही कारण पनि शिक्षाका नाममा व्यापारीकरण बढ्दै गएको आरोप प्राइभेट कलेजमाथि लाग्ने गरेको छ । नेसनल कलेज अफ इञ्जिनियरिङका सहप्राध्यापक धनप्रसाद पौडेलले पनि त्यसतर्फ संकेत गरेका छन् । उनी भन्छन्, 'टियू प्राइभेट कलेजमा मास्टर डिग्रीका लागि सम्बन्धन दिन तयार देखिँदैन । सिट थप्ने कुरा सोध्दैन तर अन्य विश्वविद्यालयहरूले मास्टरका सम्बन्धन दिइरहेका छन् । निजीजति सबै लुटेरा हुन्, माफिया हुन् भन्ने मानसिकता समस्या बनेको छ । अर्को ठूलो नीतिगत समस्या एडमिसन प्रोसेसमा छ । भर्ना प्रक्रियामा एकदमै ढिलासुस्ती । भर्नाकै लागि तीन-चार महिनासम्म कुर्नुपर्ने भनेपछि विद्यार्थीले कहिले पढ्ने ?, किनभने क्लास सुरु नभएसम्म भर्ना रोक्न मिल्दैन । साउनमा रिजल्ट निस्किएको मंसिरसम्म भर्नाको क्रम चलिरहन्छ ।'

**भर्नामा प्रतिस्पर्धा, गुणस्तरमा छैन प्रतिस्पर्धा**

नेपालमा इञ्जिनियरिङ शिक्षा विस्तारसँगै गुणस्तर, प्रयोगात्मक सीप र व्यावसायिक तयारीबारे गम्भीर प्रश्नहरू पनि उठ्न थालेका छन् । कलेजहरूको संख्या बढ्दो क्रममा रहँदा उत्पादन हुने इञ्जिनियरहरूको क्षमता र बजारको मागबीचको अन्तर तथा लाइसेन्स अर्थात् नाम दर्ता परीक्षामा देखिएको न्यून उत्तीर्ण दरले शिक्षा प्रणालीको प्रभावकारितामा प्रश्नहरू उठ्न थालेको हो । नेपाल इञ्जिनियरिङ परिषद्ले पनि इञ्जिनियरिङ शिक्षाको गुणस्तरको अवस्था दयनीय रहेको जनाएको छ । परिषद्का अध्यक्ष प्राडा. पदमबहादुर शाहीले इञ्जिनियरका लागि काउन्सिलले लिने स्किल टेष्ट परीक्षामा ५० प्रतिशत फेल हुने गरेका बताउनुभयो । उहाँका अनुसार पहिला त विश्वविद्यालयमै फेल, त्यसपछि काउन्सिलमा फेल हुने गरेका हुन् । भारतमा पढेर आउने इञ्जिनियर विद्यार्थीको फेल हुनेदर अझै बढी छ । सोही कारण पनि पछिल्लो समय काउन्सिल इञ्जिनियरिङ शिक्षामा रूपान्तरण अभियानमा लागेको शाहीले हिमालय टाइम्सलाई बताए । उनी भन्छन्, 'इञ्जिनियरिङ क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न घोकन्ते शिक्षाले हुँदैन । घोकन्ते शिक्षाले पासआउट त होला तर कार्यक्षेत्रमा त्यस्तो इञ्जिनियरले काम गर्न सक्दैन । किनभने इञ्जिनियरिङ क्षेत्रको जनशक्ति उत्पादन नेपाललाई मात्रै हेरेर होइन, अन्तर्राष्ट्रिय बजार हेरेर गर्नुपर्छ । दक्ष इञ्जिनियरले जुनसुकै देशमा गएर पनि राम्रो काम गर्न सक्छ तर अहिले नेपालका इञ्जिनियर विदेशमा गए पनि पनि त्यहाँ इञ्जिनियरकै रूपमा काम गर्न पाउने अवस्था छैन ।' भारत, बंगलादेश, पाकिस्तान, श्रीलंकासँग सहकार्यका लागि सम्झौता भएको छ । ती देशअनुसार नेपालको करिकुलम विकास गर्न तामिल पनि सुरु भएको शाहीको भनाइ छ । नका अनुसार पहिलो चरणमा ८० जनालाई तालिम दिइएको छ भने अर्को चरणको तालिम पनि हुँदैछ । एक्रेडिटेसनका लागि अन्तर्राष्ट्रियस्तरमा भएका मापदण्डका करिकुलम, पाठ्यक्रम, इभ्यालुयसन, पठन-पाठन प्रणाली आवश्यक हुन्छ । हाल नेपालमा सञ्चालनमा रहेको इञ्जिनियरिङ सर्टिफिकेट उपाधिलाई अन्तर्राष्ट्रियले मान्दैन ।

**व्यावसायिक इञ्जिनियरको खडेरी**

काउन्सिलले तीन किसिमका इञ्जिनियरहरूको नाम दर्ता गर्ने गर्छ । पहिलो साधारण इञ्जिनियर, दोस्रो व्यावसायिक इञ्जिनियर र तेस्रो विदेशी इञ्जिनियर । हाल नेपालमा विषयगत हिसाबले ६० प्रकारका इञ्जिनियर रहेका छन् । दर्ताको हिसाबले एउटा साधारण, व्यावसायिक र गैरनेपाली इञ्जिनियर छन् । गैरनेपाली भन्नाले नेपालका विभिन्न प्रोजेक्टमा काम गर्न आउने विदेशी इञ्जिनियर हुन् । उनीहरूले काम गर्न परिषद्मा नाम दर्ता गर्नुपर्ने हुन्छ भने १० वर्षभन्दा बढीको अनुभव भएको हुनुपर्छ । काउन्सिलका अनुसार साधारण दर्तावाला इञ्जिनियर एक लाख हाराहारी रहेका छन् तर व्यावसायिक इञ्जिनियरको संख्या एकदमै नगन्यमात्रै रहेको छ । त्यसो त उत्पादित सबै जनशक्तिले नेपालमा काम पाउन सक्ने अवस्था छैन । त्यसैले कतिपय इञ्जिनियर बेरोजगार वा वैकल्पिक पेशामा लाग्ने गरेको पाइएको छ । काउन्सिलका अनुसार आर्किटेक्चर विधामा करिब ९० प्रतिशत विद्यार्थी पास हुन्छन् । सिभिललगायतका अन्य विषयमा भने ३० देखि ४० प्रतिशत पास हुन्छन् । त्यसैले प्राविधिक शिक्षालाई उद्योगसँग नजोडिएसम्म इञ्जिनियरको बेरोजगारी दर बढ्दै जाने देखिन्छ । अहिले एकातिर बजारले आवश्यक इञ्जिनियर नपाउने र विद्यार्थीले राम्रो अंक ल्याए पनि काम नपाउने समस्या देखिएको छ । एक जना विद्यार्थीले ब्याचलर्स तहको इञ्जिनियरिङ पूरा गर्दा १२ लाखसम्म खर्च हुने गरेको छ । नेपालमा हाल ६० हाराहारी इञ्जिनियरिङ कलेज सञ्चालन गरेका छन्, जसको वार्षिक करिब १३ हजार विद्यार्थी भर्ना क्षमता रहेको छ तर सबै कलेज पूर्ण क्षमता सञ्चालन हुन सकेका छैनन् । अर्थात् विद्यार्थी नै पाउन गाह्रो छ । १६औं योजनाको लक्ष्य प्राविधिक शिक्षाको दायरा बढाउने रहेको छ । इञ्जिनियरको क्षमता अभिवृद्धि गर्ने र सोहीअनुसारको मार्केट क्षेत्र बढाउने भन्नेछ तर लक्ष्यअनुसार बजेट र कार्यक्रममा आउन सकेको छैन । त्यतिमात्रै नभई राज्यले नेपाली इञ्जिनियरहरूलाई विश्वास नै गर्दैन । केही संरचना बनाउनुपर्यो भने बाहिरबाटै इञ्जिनियर ल्याउने गरेको देखिन्छ । सरकारका यस्ता गतिविधिले इञ्जिनियरलाई झन् निराश बनाइरहेको छ ।*-हिमालयन डटकम*

## विपद् र महामारीमा सिकाइ नरोक्ने सरकारको योजना




सरकारले भूकम्प, मनसुनी बाढी-पहिरो, महामारी तथा विविध दैनिक सुरक्षा जोखिमका कारण बर्सेनि हजारौं बालबालिकाको सिकाइ अवरुद्ध हुने स्थिति अन्त्य गर्ने लक्ष्य राखेको छ । शिक्षा तथा खेलकुद मन्त्रालयले सन् २०३० सम्ममा नेपालका सबै विद्यालयलाई सुरक्षित र उत्थानशील बनाउन 'बृहत् विद्यालय सुरक्षा गुरुयोजना, २०८२' जारी गरेको हो । शिक्षा विभागले गुरुयोजना असोज १ गते वेबसाइटमार्फत् सार्वजनिक गरेको छ । शिक्षा मन्त्रालयले २०७४ को गुरुयोजनालाई परिमार्जन गर्दै ल्याएको एकीकृत नीतिले देशैभरिका बालबालिकालाई जलवायु-अनुकूलित र हरित वातावरणमा सिकाइको समान पहुँच सुनिश्चित गर्ने लक्ष्य राखेको छ । यो गुरुयोजना नीतिगत आधारसहित सुरक्षित तथा हरित सिकाइ सुविधा, विद्यालय सुरक्षा तथा सिकाइ निरन्तरता व्यवस्थापन र जोखिम न्यूनीकरण तथा उत्थानशील शिक्षा गरी मुख्य चार स्तम्भहरूमा आधारित छ । गुरुयोजना अन्तर्गत तीनै तहका सरकार र विद्यालयहरूमा कार्यान्वयन गर्न कुल २० वटा रणनीतिक कार्यहरू तय गरिएका छन् । विद्यालय निर्माणमा सुरक्षित स्थल छनोट, जोखिमयुक्त भवनको प्रबलीकरणका साथै 'एक विद्यालय, एक करेसाबारी', सौर्य ऊर्जा प्रयोग र फोहोरमैला व्यवस्थापनजस्ता हरित अभ्यासहरूलाई यसमा मुख्य प्राथमिकता दिइएको छ । विपत् वा आपतकालीन अवस्थामा पनि वैकल्पिक माध्यमबाट सिकाइ निरन्तरता सुनिश्चित गर्न नियमित सुरक्षा अभ्यास (सिमुलेसन) र पूर्वतयारीका योजनाहरू अनिवार्य गरिएको छ । पाठ्यक्रममा जलवायु परिवर्तन र विपत् व्यवस्थापनका विषयहरू समावेश गरिनुका साथै एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा विद्यालय सुरक्षाका सूचक थपिनेछन् । यस्तै, दुर्व्यवहार, बुलिङ र हिंसासहितका दैनिक जोखिम न्यूनीकरण गरी बालमैत्री एवं मनोसामाजिक रूपमा सुरक्षित वातावरण निर्माणमा जोड दिइएको छ । नेपालको संविधान, विपत् जोखिम न्यूनीकरण ऐन तथा अन्तर्राष्ट्रिय दिगो विकास लक्ष्यहरूसँग सामञ्जस्य कायम गरी तयार गरिएको यो गुरुयोजना संघ, प्रदेश र स्थानीय सरकारको साझा जिम्मेवारीमा कार्यान्वयन हुनेछ । संघ र प्रदेशले नीतिगत, वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराउनेछन् भने देशभरका ७५३ वटै स्थानीय तह र विद्यालयहरू प्रत्यक्ष कार्यान्वयन तथा अनुगमनका लागि जिम्मेवार रहनेछन् । गुरुयोजनाले विद्यालय सुरक्षाको लेखाजोखा र अनुगमन प्रणालीलाई आधुनिक बनाउन एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा स्व-मूल्याङ्कन औजार र सुरक्षासम्बन्धी सूचकहरू थप्ने व्यवस्था गरेको छ । विगतमा सन् २०१७ को गुरुयोजना कार्यान्वयन गर्दा सात वर्षको अवधिमा केवल २३ प्रतिशत (करिब ८ हजार) विद्यालयमा मात्र सुरक्षा गतिविधि पुग्न सकेको समीक्षा गर्दै यसपटक संस्थागत संरचनालाई मजबुत बनाइएको हो । जसअनुसार हरेक विद्यालयमा 'बृहत् विद्यालय सुरक्षा कार्यान्वयन समिति', लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क शिक्षक, र आपत्कालीन अवस्थाका लागि खोज-उद्धार, प्राथमिक उपचार तथा सञ्चार सम्बन्धी प्रतिकार्य कार्यदल गठन गरिनेछ । भौतिक पूर्वाधारतर्फ नयाँ भवन निर्माण गर्दा भूकम्पीय र जलवायु उत्थानशील भवन संहिताको पालना अनिवार्य गरिनुका साथै कक्षाकोठाभित्रका गह्रौं फर्निचर र उपकरणहरूलाई स्थिर बनाएर गैरसंरचनात्मक जोखिम न्यूनीकरण गरिने गुरुयोजनामा उल्लेख छ । विद्यार्थीहरूको दैनिक आवतजावतलाई सुरक्षित बनाउन विद्यालय हाता र वरपरको सडक सुरक्षा अडिट गर्ने तथा पैदल मार्ग मर्मत गर्ने रणनीति लिइएको छ । डिजिटल माध्यमको बढ्दो प्रयोगसँगै सिर्जना भएका साइबर खतरा, डाटा चुहावट र अनलाइन सुरक्षाजस्ता प्राविधिक जोखिमहरूलाई सम्बोधन गर्न पनि गुरुयोजनाले विशेष ध्यान दिएको छ । शिक्षकहरूको पेसागत विकास कार्यक्रममा सुरक्षा र उत्थानशीलता शिक्षासम्बन्धी तालिम प्याकेजहरू समावेश गरी उनीहरूको क्षमता अभिवृद्धि गरिने योजना समावेश छ । विद्यालयस्तरमा बाल क्लब, इको क्लब, विद्यालय व्यवस्थापन समिति र स्थानीय समुदायलाई प्रत्यक्ष सहभागी गराई जोखिम नक्साङ्कन र सचेतना कार्यक्रमहरू सञ्चालन गरिने गुरुयोजनामा उल्लेख छ । यो कार्यक्रम सञ्चालनका लागि संघ, प्रदेश र स्थानीय तहको वार्षिक बजेटका साथै विपत् कोष, जलवायु अनुकूलन कोष र अन्तर्राष्ट्रिय विकास साझेदारहरूबाट दीर्घकालीन वित्तीय स्रोत परिचालन गरिने भनिएको छ । भौतिक पूर्वाधारतर्फ नयाँ भवन निर्माण गर्दा भूकम्पीय र जलवायु उत्थानशील भवन संहिताको पालना अनिवार्य गरिनुका साथै कक्षाकोठाभित्रका गह्रौं फर्निचर र उपकरणहरूलाई सुरक्षित रूपमा स्थिर बनाएर गैरसंरचनात्मक जोखिम न्यूनीकरण गरिने उल्लेख छ । विद्यार्थीहरूको दैनिक आवतजावतलाई सुरक्षित बनाउन विद्यालय हाता र वरपरको सडक सुरक्षा अडिट गर्ने तथा पैदल मार्ग मर्मत गर्ने रणनीति लिइएको छ ।*-रातोपाटी डटकम*

## मिडियामा एआई प्रयोगबारे नेपाली विद्यार्थीलाई चीनमा प्रशिक्षण




त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका विद्यार्थीले चीनको सिचुआनमा एआई तथा डिजिटल सञ्चारसम्बन्धी साताव्यापी प्रशिक्षण तथा अध्ययन भ्रमण पूरा गरेका छन् । युनिभर्सिटी अफ इलेक्ट्रोनिक्स साइन्स एन्ड टेक्नोलोजी अफ चाइना (युइएसटिसी) सँगको शैक्षिक सहकार्यअन्तर्गत भएको कार्यक्रममा सहभागीले समाचार कक्षमा एआईको प्रयोग, मानव-मेसिन सहकार्य, डिजिटल सामग्री उत्पादन, दृश्य कथा वाचन तथा मिथ्या र भ्रामक सूचना व्यवस्थापनबारे सैद्धान्तिक र व्यावहारिक ज्ञान हासिल गरेका थिए । भ्रमणका क्रममा सहभागीले सिचुआन न्यूजनेट ग्रुप, सिचुआन टिभी, छेंग्दु राष्ट्रिय सुपर कम्प्युटिङ केन्द्र, एआईजिसी कार्यशाला, भर्चुअल उत्पादन स्टुडियो तथा रोबोट पार्कलगायत संस्थाको अवलोकन गरेका थिए । कार्यक्रममा त्रिविसहित पोखरा विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय र काठमाडौं विश्वविद्यालयका विद्यार्थी सहभागी थिए । त्रिविका उपप्राध्यापक डा ऋषिकेश दाहालले यस्ता शैक्षिक सहकार्यले नेपाली विद्यार्थीलाई सञ्चार प्रविधिमा भइरहेको परिवर्तन बुझ्न सहयोग पुग्ने बताए । युइएसटिसी र त्रिविबीचको चीन-नेपाल युवा शैक्षिक आदानप्रदान कार्यक्रमको यो दोस्रो वर्ष हो । नेपाल-चीनबिचको मैत्रीपूर्ण सम्बन्धलाई सरकारदेखि सरकारमात्र नभइ जनस्तरसम्म जोड्न विभिन्न गतिविधि हुँदै आएको र आगामी दिनमा पनि प्राज्ञिक क्षेत्रमा सहकार्य जारी रहने युइएसटिसीका प्राध्यापक चाङ स्युनले जानकारी दिए। कार्यक्रममा केन्द्रीय विभागका अनुषा काृले, दीक्षा राई, मोनिका वाइबा, लक्ष्मण गिरी र प्रियङ्का सुनार सहभागी थिए । नेपाली टोलीको नेतृत्व केन्द्रीय विभागका उपप्राध्यापक डा ऋषिकेश दाहालले गरेका थिए । भ्रमणमा त्रिविबाट सात जना सहभागी थिए भने पोखरा विश्वविद्यालय र लुम्बिनी बौद्ध विश्वविद्यालयका दुई-दुई जनाको सहभागिता थियो । काठमाडौं विश्वविद्यालयबाट एक जनाले सहभागिता जनाएका थिए । नेपाल-चीनबिच प्राज्ञिक सहकार्यले आगामी दिनमा पनि निरन्तरता पाउने केन्द्रीय विभागका डा दाहालले जानकारी दिए । पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका प्रमुख प्रा डा कुन्दन अर्यालले युइएसटिसीसँगको सहकार्यले निरन्तरता पाइरहँदा आगामी वर्षमा थप विद्यार्थीले अवसर पाउने बताए ।

*-हाम्रा कुरा डटकम*

# विश्व शान्ति दिवस विविध कार्यक्रम गरी मनाइँदै





**पाल्पा,** असोज ४/ आज सेप्टेम्बर २१ अर्थात 'विश्व शान्ति दिवस' नेपाललगायत विश्वभर विविध कार्यक्रमको आयोजना गरी मनाइँदै छ । संयुक्त राष्ट्र सैको आह्वानमा हरेक वर्ष सेप्टेम्बर २१ लाई अन्तर्राष्ट्रिय शान्ति दिवसका रूपमा मनाउने गरिन्छ । विश्वमा हिंसा र द्वन्द्व अन्त्य गरी दिगो शान्ति स्थापनाका लागि जनचेतना फैलाउने उद्देश्यले यो दिवस मनाउन थालिएको हो ।

सन् २००२ मा संयुक्त राष्ट्रसै महासभाले सेप्टेम्बर २१ लाई स्थायीरूपमा विश्व शान्ति दिवसका रूपमा मनाउने घोषणा गरेको थियो । नेपालमा पनि सन् २००२ देखि नै विविध कार्यक्रम आयोजना गरी यो दिवस मनाउने गरिन्छ । सन् २००२ अघि सन् १९८१ मा संयुक्त राष्ट्रसै महासभा सुरु भएको दिन पारेर राष्ट्रसैद्वारा प्रस्ताव पारित गरी राष्ट्रसै महासभा सुरु हुने सेप्टेम्बर महिनाको तेस्रो मंगलबारका दिन शान्ति दिवस मनाउने निर्णयअनुरुप सन् १९८२ को सेप्टेम्बरमा पहिलो शान्ति दिवस मनाइएको थियो । नेपालमा यो दिवस २०६५ देखि मनाउन सुरु गरिएको हो । देशमा १० वर्षसम्म चलेको सशस्त्र द्वन्द्वको विश्रामसँगै २०६३ मंसिर ५ मा भएको विस्तृत शान्ति सम्झौताको भावना र मर्मलाई आत्मसात गर्दै नेपालले पछिल्लो समय यो दिवसलाई निरन्तरता दिँदै आएको छ । यस अवसरमा नेपालमा पनि सरकारी तथा गैरसरकारी सै-संस्थाहरूको आयोजनामा प्रभातफेरी, शान्ति र्‍याली, विचार गोष्ठी तथा दीपप्रज्ज्वलनाजस्ता कार्यक्रमहरू सञ्चालन गर्दै छन् ।

भगवान् बुद्धको जन्मस्थल नेपाल शान्तिको सन्देशवाहक देशका रूपमा विश्वभर परिचित छ । विश्व शान्ति दिवसका अवसरमा विभिन्न राजनीतिक दलका नेता, अधिकारकर्मी तथा नागरिक समाजका प्रतिनिधिहरूले शुभकामना सन्देश दिँदै समाजमा भाइचारा, अहिंसा र सद्भाव कायम राख्नुपर्नेमा जोड दिएका छन् ।

# आज विश्व अल्जाइमर्स दिवस




**पाल्पा,** असोज ४/ विश्वभर आज विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गरी विश्व अल्जाइम र्स दिवस मनाइँदैछ । हरेक वर्ष सेप्टेम्बर २१ का दिन यो दिवस मनाउने गरिन्छ । उक्त दिवस सन् १९९४ देखि मनाउन थालिएको हो ।

दिवसको उद्देश्य अल्जाइमर्स रोग तथा डिमेन्सियाबारे जनचेतना फैलाउनु, रोगी तथा उनीहरूका परिवारले भोगिरहेका समस्याप्रति समाजको ध्यानाकर्षण गराउनु र समयमै उपचार तथा हेरचाहका लागि प्रेरित गर्नु हो । अल्जाइमर्स रोग स्मरणशक्ति, सोच्ने क्षमता र दैनिक जीवनका सामान्य गतिविधिमा असर पार्ने प्रगतिशील मस्तिष्कसम्बन्धी रोग हो । उमेर बढ्दै जाँदा यसको जोखिम बढ्ने भए पनि यसलाई सामान्य बुढ्यौलीको हिस्सा मात्र मान्न नहुने चिकित्सकहरू बताउँछन् । रोगका कारण व्यक्तिले हालसालैका घटना बिर्सने, परिचित व्यक्ति तथा स्थान चिन्न कठिन हुने, दैनिक काम गर्न समस्या हुने, बोली तथा व्यवहारमा परिवर्तन आउनेजस्ता समस्या देखिन सक्छन् । प्रारम्भिक अवस्थामा लक्षण पहिचान गरी स्वास्थ्यकर्मीको परामर्श लिन सके रोग व्यवस्थापन तथा बिरामीको जीवनस्तर सुधार गर्न सहयोग पुग्ने विशेषज्ञहरूको भनाइ छ । नेपालमा पनि ज्येष्ठ नागरिकको संख्या बढ्दै जाँदा डिमेन्सिया तथा अल्जाइमर्ससम्बन्धी समस्या स्वास्थ्य क्षेत्रका लागि महत्वपूर्ण विषय बन्दै गएको छ । तर यससम्बन्धी जनचेतनाको कमी, रोग पहिचानमा ढिलाइ तथा उपचार र हेरचाहका लागि आवश्यक स्रोतसाधनको अभाव चुनौतीका रूपमा रहेको छ । अल्जाइमर्सबाट प्रभावित व्यक्तिको हेरचाहमा परिवारको भूमिका महत्वपूर्ण हुन्छ । बिरामीप्रति धैर्य, सम्मान र सहानुभूतिपूर्ण व्यवहार गर्नुका साथै सुरक्षित वातावरण निर्माण गर्नुपर्ने स्वास्थ्यकर्मीहरूको सुझाव छ । त्यस्तै, परिवारका सदस्य तथा हेरचाहकर्ताको मानसिक र सामाजिक अवस्थालाई पनि ध्यान दिन आवश्यक रहेको बताइन्छ । अल्जाइमर्स जसलाई बिर्सिने रोगका रुपमा बुझ्ने गरिन्छ । नेपालमा हाल बिर्सिने रोगबाट एक लाख ११ हजार व्यक्ति पीडित छन् । विश्वमा हरेक वर्ष एक करोड व्यक्तिलाई अल्जाइमर्स हुने गरेको छ । विश्वमा हरेक तीन सेकेण्डमा एक व्यक्तिलाई अल्जाइमर्स हुने गरेको छ ।

## खेलकुद समाचार

### एशियाली खेलकुदमा एरिका गुरुङ पदकविहीन



**काठमाडौं,** असोज ४/जापानमा चलिरहेको २०औँ एशियाली खेलकुदअन्तर्गत महिला करातेको कुमिते विधामा नेपालकी एरिका गुरुङ पदकविहीन भएकी छिन् । नागोयामा भएको ६८ केजीमाथिको कांस्य पदक प्रतिस्पर्धामा एरिका साउदी अरेबियाकी मोस्तफा दिना अहमदसँग ८-७ अङ्कले पराजित भइन् । एक समयसम्म अग्रता बनाएकी एरिका अन्तिम समयमा २ अङ्क गुमाउँदा पदकविहीन भएकी हुन् । एरिका गएको संस्करणको एशियाली खेलकुदमा नेपालका लागि ऐतिहासिक रजत पदक जित्ने खेलाडी हुन् । यस पटक उनीबाट स्वर्ण पदकको समेत अपेक्षा गरिएको थियो । यस्तै ६० केजीमुनिको स्पर्धामा नेपालका मीनबहादुर तामाङ कांस्य पदकबाट चुकेका छन् । तामाङ साउदी अरेबियाका अल्बासेर एसएबीसँग २-० ले पराजित भए । त्यस्तै ५५ केजीमुनि नेपालका राकेश मानन्धर पनि कांस्य पदक जित्न असफल भएका छन् । मानन्धर मलेशियाका कालिएना सुन्दरमसँग ९-१ को फराकिलो अन्तरले पराजित भए । यसैगरी करातेमा ६८ केजी तौल समूहमा नेपालकी निरूपा दोङले क्वाटरफाइनलमा खेल्दैछिन् भने टिम कातातर्फको खेल पनि मंगलबार नै हुनेछ ।

**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत

डस्प्लेमा

विज्ञापन

दिनुहोस्

व्यवसाय

बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# सुनचाँदीको मुल्य बढ्यो




**पाल्पा,** असोज ४/सुनचाँदीको मूल्य बढेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सुनको मूल्य आइतबार २ हजार १ सय बढेर प्रतितोला ३ लाख ५ हजार २ सय कायम भएको छ ।

त्यस्तै चाँदीको मूल्य पनि २० रुपैयाँ बढेर ४ हजार ७९५ रुपैयाँ कायम भएको महासंघले जनाएको छ । शुक्रबार सुनको मूल्य प्रतितोला तीन लाख तीन हजार एक सय र चाँदी चार हजार सात सय ७५ रूपैयाँमा कारोबार भएको थियो । अन्तर्राष्ट्रिय बजारमा आइतबार सुन प्रतिऔंस चार हजार तीन सय ७८ अमेरिकी डलरमा कारोबार भइरहेको छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चिर्तुङ्गधारा गा.वि.स.-३ घोरबन्दा, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. 5343550 K का TS/NK रिखी राम थापा (ना.प्र.मा रिखी राम थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा चैनी मगर्नी र जन्म मिति सन् १९६० डिसेम्वर ३० (वि.स.२०१७/०९/१६) र नेपाली नागरिकता प्रमाणपत्रमा चैनी थापा मगर्नी, जन्म मिति वि.स. २०१३/१२/२०(सन् १९५७ अप्रिल २) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## शान्तिपूर्ण समाज निर्माण गरौं

- शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
- मतभेदलाई संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,
- जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
- बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,
- हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,
- सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,
- परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।

**विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं ।**



नेपाल सरकार

**विज्ञापन बोर्ड**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई